## १) सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ उपदफा (३) र सूचनाको हक सम्बन्धि नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

### २०८० माघ १ देखि चैत्र ३० सम्म

**१. निकायको स्वरूप र प्रकृति :–** विद्युत आयोजनाहरूको विकास, विद्युत उत्पादन, प्रसारण तथा वितरण गर्न नेपाल सरकारबाट अनुमति प्राप्त आधिकारिक संस्था हो ।

**२. निकायको काम कर्तव्य र अधिकारसा :–** नेपालमा जलश्रोतको विकासको लागि नेपाल सरकारलाई सहयोग गर्ने । नयाँ आयोजनाहरूको खोज तथा अनुसन्धान गर्दै विद्युतको विकास, उत्पादन, प्रशारण तथा विक्रि वितरण सम्बन्धि सम्पूर्ण काम गर्ने । आफूले निर्माण गरिएका आयोजनाहरूको जडान तथा स्वामित्व लिएर अन्य जलश्रोतका क्षेत्रमा लागेकाहरूलाई आवश्यक परामर्श दिने । विद्युत क्षेत्रको विकास र प्रबद्धन गर्ने ।

**३. यस संस्थामा रहने कर्मचारीको संख्या र कार्य विवरण :–** हाल यस कम्पनीमा कर्मचारीहरूको संख्या **१७६** रहेको र कार्य विवरण कम्पनीद्वारा तोकिए बमोजिम हुनेछ ।

**४. यस संस्थाबाट प्रदान गरिने सेवा :–** बुटवल पावर कम्पनी लि. विद्युत उत्पादनको क्षेत्रमा क्षमता विकास गर्ने उद्देश्यले सन १९६५ मा स्थापना भई जल विद्युतमा अग्रणी भूमिका निर्वाह गर्दै आइरहेको छ । कम्पनीले जल विद्युत विकासका अन्य पक्षहरू जस्तै इन्जिनियरिङ्ग सेवा, हाइड्रोपावरको क्षेत्रमा आवश्यक पर्ने परामर्शदाताको भूमिका, आयोजनाको निर्माण, सञ्चालन, तथा रेखदेख र सहायक कम्पनीहरू मार्फत विद्युत उत्पादन तथा मर्मत संभारमा प्रयोग हुने उपकरणहरूको निर्माण र मर्मत संभारको काम समेत गर्दछ ।

**५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवारी अधिकारी :–** कम्पनीको केन्द्रिय कार्यालय काठमाण्डौं वडा न. १० बुद्धनगरमा रहेको छ । रूपन्देही जिल्लाको बुटवलमा पनि सम्पर्क कार्यालय छ । आँधिखोला जलविद्युत केन्द्रको कार्यालय स्याङ्गजा जिल्लाको गल्याङ्ग र झिमरूक जलविद्युत केन्द्रको कार्यालय प्यूठान जिल्लाको दारिमचौरमा रहेको छ । कम्पनीको कर्मचारी विनियमावली मा उल्लेख भए बमोजिम सबै कर्मचारीहरूले आ–आफ्नो जिम्मेवारी वहन गर्छन । कम्पनीको वेवसाइट www.bpc.com.np मा विस्तृत विवरण हेर्न सक्नु हुनेछ ।

**६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :–** कम्पनीले आफ्ना ग्राहकहरूलाई विद्युत विक्रि गरेबापत नेपाल सरकारको विद्युत नियमन आयोगले तोकेको मापदण्ड भित्र रहेर शुल्क लिने गरेको छ । कम्पनीद्वारा उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणलाई विद्युत खरिद-विक्रि सम्बन्धी सम्झौता अनुसार खरिद विक्रि गरिन्छ ।

**७. निर्णय गर्ने प्रकृया र अधिकारी :–** यस कम्पनीका कर्मचारीहरूलाई तह र आवश्यकता अनुसार निर्णय गर्न सक्ने अधिकार प्रत्यायोजन गरिएको छ । प्रमुख कार्यकारी अधिकृत र कम्पनी संचालक समिति अन्तिम निर्णयकर्ताको रूपमा रहेको छ ।

**८. निर्णय विरूद्ध अपिल सुन्ने अधिकारीको नाम र पद :-**

श्री टीकाराम भट्ट
भाइस प्रेसिडेण्ट, कर्पोरेट म्यानेजमेण्ट
बुटवल पावर कम्पनी लि.
बुद्धनगर, काठमाण्डौं

फोन नं. :– ०१–४७९१७७६,४७९४०२६

इमेल ठेगाना :– info@bpc.com.np

**९. सम्पादन गरेको कामको विवरण :–** कम्पनीको योजना अनुसार विद्युतको विकास, उत्पादन, प्रसारण तथा वितरण सम्बन्धी सम्पूर्ण काम गरेको ।

**१०. सूचना अधिकारी तथा कार्यालय प्रमुखको नाम र पद :–**

श्री लिला नन्द बोटे

अधिकृत, मानव संशाधन महाशाखा,

बुटवल पावर कम्पनी लि.

बुद्धनगर, काठमाण्डौं

फोन नं. :– ०१–४७९१७७६,४७९४०२६

इमेल ठेगाना :– info@bpc.com.np

**कार्यालय प्रमुखको नाम र पद :– उत्तर कुमार श्रेष्ठ, प्रमुख कार्यकारी अधिकृत**

**११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूचि :–**

प्रचलित सर्म्पूण ऐन, नियम, विनियम र निर्देशिकाहरू कम्पनीले पालना गर्नुपर्ने हुन्छ । विशेषतः विद्युत विकास, उत्पादन, प्रशारण र वितरण सम्बन्धी ऐन नियम, विनियम र निर्देशिकाहरू लागु हुनेछन् । सो को विस्तृत विवरण कम्पनीको वेवसाइट www.bpc.com.np हेर्न सक्नु हुनेछ ।

**१२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण :–** कम्पनीको आय व्यायको विवरण प्रत्येक तीन तीन महिनामा कम्पनीको वेवसाइटमा प्रकाशित गरिने छ । साथै, हरेक वर्ष आयोजना गरिने वार्षिक साधारण सभामा साधारणसभा शुरू हनु पूर्व नै साधारण सदस्यहरूलाई पुस्तकको ढाचामा बनाइ वितरण गरिने छ । राष्ट्रिय स्तरको पत्रिकामा पनि प्रकाशित गरिने छ र कम्पनीको वेवसाइट www.bpc.com.np मा राख्ने गरिएको छ ।

**१३. तोकिए वमोजिम अन्य विवरण :–** नियमानुसार तोकिए बमोजिमको अन्य विवरण समेत राष्ट्रिय स्तरको दैनिक पत्रिकाहरूमा प्रकाशन गर्नुको साथै कम्पनीको वेवसाइट www.bpc.com.np मा राख्ने गरिएको छ ।

**१४. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संञ्चालन गरेको भए सोको विवरण :–** कम्पनीले विद्युतको विकास, उत्पादन, प्रशारण र वितरण सम्बन्धी कार्य गर्दै आइरहेको छ । विशेष कुनै प्रकारको कार्यकत्रम हाललाई गरेको छैन । यस्ता कुनै नयाँ कार्यत्रमहरू भएमा कम्पनीको वेवसाइट www.bpc.com.np मा राखिने छ ।

**१५. सार्वजनिक निकायको वेभसाइट भए सोको विवरण :–** यस कम्पनीको वेभसाइट www.bpc.com.np रहेको छ ।

**१६. सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण :–** छैन ।

**१७. <u>सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन</u> :—** यो कम्पनीले विद्युत उत्पादन, प्रशारण र वितरण सम्बन्धी कार्य गर्दै आइरहेको छ । विशेष कुनै प्रकारको कार्यक्रम हाललाई गरेको छैन ।

**१८. <u>सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि</u> :—** कम्पनीमा सूचनाको वर्गीकरण गरेको छैन ।

**१९. <u>सार्वजनिक निकायमा परेको सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण :-</u>** २०८० माघ १ देखि चैत्र ३० गते सम्म कम्पनीसँग कुनै सूचना माग नभएको जानकारी गराउँदछु । सूचना माग भएको अवस्थामा आवश्यकता अनुसार कम्पनीले सूचना प्रदान गर्नेछ ।

**२०. <u>सार्वजनिक निकायका सूचनाहरू अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण</u> :—** कम्पनीको आय व्यायको विवरण प्रत्येक तीन तीन महिनामा कम्पनीको वेवसाइटमा प्रकाशित गरिने छ । कम्पनीको आय व्ययको वार्षिक विवरण पूस्तकको रूपमा प्रकाशित गरी वार्षिक साधारण सभामा सबै साधारण सदस्यहरूलाई पनि उक्त पुस्तक वितरण गरिन्छ र कम्पनीको वेवसाइट www.bpc.com.np मा समेत प्रकाशित गरिएको हुन्छ ।